नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

(अध्यागमन व्यवस्थापन शाखा)

पत्र संख्या :- २०७७/०७८

चलानी नः 1226

मिति २०७८/०३/१६

**बिषयः आदेश कार्यान्वयन सम्बन्धमा ।**

श्री जिल्ला समन्वय समितिको कार्यालय सबै ।

श्री स्थानीय तह सबै ।

प्रस्तुत बिषयमा नेपाल सरकार(मन्त्रीपरिषद्) को मिति २०७८/०३/०७ को निर्णयानुसार " बिदेशबाट नेपाल आगमन हुने यात्रुहरुको व्यवस्थापन सम्बन्धी आदेश, २०७८ " यसै साथ संलग्न छ । आदेशमा उल्लेख भए अनुसार तहाँसँग सम्बन्धित विषयहरुमा कार्यान्वयन गर्नु/गराउनुहुन आदेशानुसार अनुरोध छ ।

2078/03/15

नारायण प्रसाद भट्टराई

शाखा अधिकृत

बोधार्थः-

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाण्डौं ।

श्री गृह मन्त्रालय, सिंहदरवार ।

श्री परराष्ट्र मन्त्रालय, सिंहदरवार ।

श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरवार ।

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरवार ।

श्री सूचना तथा प्रविधि शाखाः वेवसाइटमा अपलोड गर्नुहुन।

# विदेशबाट नेपाल आगमन हुने यात्रुहरूको व्यवस्थापनसम्बन्धी आदेश, २०७८

प्रस्तावना: कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण, निदान र उपचारमा प्रतिकूल असर नपर्ने गरी नेपाल आउने नेपाली तथा विदेशी नागरिकहरूको आवागमनलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो आदेश जारी गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस आदेशको नाम "विदेशबाट नेपाल आगमन हुने यात्रुहरूको व्यवस्थापनसम्बन्धी आदेश, २०७८" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "वायु सेवा" भन्नाले नेपालमा अन्तर्राष्ट्रिय उडान गर्ने नेपाली वा विदेशी वायु सेवा सम्झनु पर्छ।

(ख) "कोभिड-१९ को परीक्षण" भन्नाले RT-PCR, Gene Xpert वा True NAAT सम्झनु पर्छ र सो शब्दले विश्व स्वास्थ्य सङ्गठनबाट मान्यता प्राप्त तत्सम्बन्धी अन्य परीक्षणलाई समेत जनाउँछ।

३. <u>हवाई अनुमति दिने र उडान भर्नेसम्बन्धी व्यवस्था:</u> (१) नेपाल सरकारले उडान खुल्ला गरेका वायुसेवालाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले यस आदेशमा उल्लेख भएका व्यवस्थाको पूर्ण पालना गर्ने शर्तमा मात्र अन्तर्राष्ट्रिय उडान अनुमति दिनु पर्नेछ। यो आदेश प्रारम्भ हुनु अघि उडान अनुमति दिइसकेका उडानका हकमासमेत त्यस्तो शर्त अनिवार्य रूपमा लागू गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उडान अनुमति दिंदा विमानस्थलमा भीडभाड नहुने गरी दिनु पर्नेछ।

४. <u>होटेल सूचीकृत गर्ने:</u> (१) पर्यटन विभागले क्वारेन्टिनको लागि स्वीकृत मापदण्ड पूरा गरेका होटेलहरूको सूचीकरण गर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचिकृत भएका होटलको विवरण संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभाग र कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (सीसीएमसी) तथा सम्बद्ध निकायको वेबसाइट मार्फत् सार्वजनिक गर्नुपर्नेछ।

(२) पर्यटन विभागले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र सीसीएमसीसँग समन्वय गरी होटल क्वारेन्टिन व्यवस्थापन कार्यविधि कार्यान्वयन गर्नुपर्नेछ।

५. <u>अन्तराष्ट्रिय उडानबाट नेपाल आउने यात्रुहरूले पालना गर्नुपर्ने शर्तहरु:</u> (१) एअरलाइन्सले हवाई यात्राको लागि यात्रुको चेक इन गर्नु अघि पछिल्लो ७२ (बहत्तर) घण्टाभित्रको फोटो एवं Barcode/QR Code सहितको कोभिड-१९ परीक्षणको रिपोर्ट नेगेटिभ भएको प्रमाण र सीसीएमसी को वेबसाइटमा रहेको Abroad Returnee Management System फाराम भरेको यकिन गरेपछि मात्र यात्रुहरूलाई पहिलो चेक इन गराउनु वा हवाई उडानबाट नेपाल ल्याउनु पर्नेछ।

तर, फोटो एवं Barcode/QR Code सहितको कोभिड-१९ परीक्षणको रिपोर्ट जारी नहुने मुलुकको हकमा सम्बन्धित मुलुक हेर्ने नेपाली कुटनीतिक नियोग समेतको सहयोगमा परीक्षण रिपोर्टको ढाँचा अग्रिम रूपमा प्राप्त गरी सोहीबमोजिमको परीक्षण रिपोर्ट यात्रुको साथमा हुनुपर्नेछ।

(२) विदेशबाट नेपाल आगमन गर्ने यात्रुले यात्रा गर्नु अघि Abroad Returnee Management System अनलाइन फाराम भरी सोको Barcode प्रिन्ट गरी साथै लिएर आउनु पर्नेछ। विशेष परिस्थितिका कारण यात्रा शुरु गर्नु अघि अनलाइन फाराम भर्न नसकेका यात्रुहरूको हकमा उडानको लागि चेक इन गर्नु अघि सो अनलाइन फाराम भर्नु भराउनु पर्नेछ। चेक इन गर्नु अघि अनलाइन फाराम भर्न सम्भव नभएकाको हकमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको समन्वयमा सम्बन्धित वायु सेवाले नै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा हुने स्वास्थ्य परीक्षण अगावै फाराम भर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको व्यवस्थाबारे सम्बन्धित कुटनीतिक नियोगले नेपाल आउन इच्छुक यात्रुलाई जानकारी दिने व्यवस्था मिलाउनु पर्नेछ।

(४) उपदफा (१) र (२) बमोजिमको प्रक्रिया पूरा गरी नेपाल आएका यात्रुहरूलाई विमानस्थलको हेल्थ डेस्कमा स्क्रिनिङ्ग गर्दा कोभिड-१९ को लक्षण नभएमा यस दफाको उपदफा (८), (९) र (१०) मा उल्लिखित अवस्था बाहेकका यात्रु ७ (सात) दिनसम्म निजले बुक गरेको दफा ४ बमोजिम सूचीकृत होटलमा अनिवार्य रूपमा क्वारेन्टिनमा बस्नु पर्नेछ। वैदेशिक रोजगारीमा गएका र करार अवधि समाप्त भई नेपाल फर्किने नेपालीहरूले अग्रिम होटेल बुक नगरेको अवस्थामा दफा ४ बमोजिम सूचीकृत होटेल क्वारेन्टिनमा बस्नुपर्नेछ। कुनै शंकास्पद लक्षण देखिएमा हेल्थ डेस्कबाट आईसोलेशन सेन्टर वा अस्पतालमा पठाइनेछ। <u>होटेल क्वारेन्टिनमा पठाइएका यात्रुको विवरण सम्बन्धित जिल्लाको जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र डीसीसीएमसीमा पठाउनुपर्नेछ।</u>

(५) कोभिड-१९ विरुद्धको खोपको मात्रा पूरा गरी खोप प्रमाणपत्र (Vaccination Certificate) भएका र कोभिड-१९ परीक्षण रिपोर्ट नेगेटिभ भएका हवाइ मार्गबाट आउने यात्रुहरूलाई १० (दश) दिन स्व-क्वारेन्टिन (Self-quarantine) मा बस्ने गरी सीधै गन्तव्यस्थल जान अनुमति दिन सकिनेछ। निजहरूले भरेको फाराममा उल्लिखित विवरण सम्बन्धित डीसीसीएमसी र स्थानीय तहमा पठाउनु पर्नेछ। सम्बन्धित डीसीसीएमसी र स्थानीय तहले निजहरू क्वारेन्टिनमा बसे नबसेको अनुगमन गरी सीसीएमसीलाई प्रतिवेदन दिनुपर्नेछ।

(६) उपदफा (४) बमोजिम होटल क्वारेन्टिन अवधि पूरा गरेका यात्रुहरूले पी.सी.आर. परीक्षणको उपलब्धताको आधारमा सातौं दिनमा आफ्नै खर्चमा कोभिड-१९ परीक्षण गरी परीक्षणको रिपोर्ट नेगेटिभ आएमा सम्बन्धित स्थानीय तहको अनुगमनमा थप ४ (चार) दिन होम क्वारेन्टिनमा बस्ने गरी पठाउन सकिनेछ। सम्बन्धित स्थानीय तहले त्यसको अनुगमन गरी सोको प्रतिवेदन सम्बन्धित डीसीसीएमसीमा गर्नुपर्नेछ। कोभिड-१९ परीक्षणको रिपोर्ट पोजेटिभ आएमा सम्बन्धित होटल र डीसीसीएमसीको समन्वयमा होम वा संस्थागत आईसोलेशनमा वा अस्पतालमा पठाइनेछ।

(७) डिपोर्टेशन सेन्टरमार्फत् फिर्ता भएका, जेलमुक्त भई स्वदेश फिर्तीको क्रममा रहेका र बेखर्ची भएका नेपालीहरूको सम्बन्धमा सम्बन्धित कुटनीतिक नियोगले छानविन गरी आर्थिक अवस्था कमजोर भएका भनी सिफारिस गरेका व्यक्तिहरूलाई नेपाल सरकारले तोकेको क्वारेन्टिनमा राखिनेछ। यस्ता व्यक्तिहरू क्वारेन्टिनमा बस्दा, निजहरूको कोभिड-१९ परीक्षण गर्दा तथा निजहरू घरसम्म जाँदा लाग्ने खर्च नेपाल सरकारले बेहोर्नेछ।

(८) आफ्नो धर्म, रीति, परम्परा अनुसार आफन्तको अन्तिम संस्कार (काजकिरिया) मा सहभागी हुन बिदेशबाट नेपाल आउने व्यक्तिको हकमा स्थानीय तह वा सीसीएमसीको सिफारिसको आधारमा Antigen परीक्षण गरी परीक्षण रिपोर्ट नेगेटिभ आएमा तोकिएको स्वास्थ्य मापदण्ड पूर्ण रुपमा पालना गर्ने गरी घर वा गन्तव्यमा जान अनुमति दिइनेछ। निजले एघारौं दिनमा अनिवार्यरुपमा कोभिड-१९ परीक्षण गर्नुपर्नेछ। स्थानीय तहले त्यसको अनुगमन गरी सो को प्रतिवेदन सम्बन्धित डीसीसीएमसीमा गर्नुपर्नेछ।

(९) अशक्त, दीर्घ रोगी र फरक क्षमताका व्यक्तिहरू, बिरामीसँगै आएका कुरुवा (बढीमा दुई जना) को हकमा निजहरूको Antigen परीक्षण गरी परीक्षण नेगेटिभ आएमा अस्पतालबाट जारी आधिकारिक कागजातका आधारमा कम्तीमा १० दिन होम क्वारेन्टिन वा अस्पतालमा पठाइनेछ।। निजले एघारौं दिनमा कोभिड-१९ परीक्षण अनिवार्य गर्नुपर्नेछ। स्थानीय तहले सोको अनुगमन गरी डीसीसीएमसीमा प्रतिवेदन पेश गर्नुपर्नेछ।

(१०) सत्तरी वर्षमाथिका ज्येष्ठ नागरिक, पाँच वर्षमुनिका नाबालक र नाबालकसँगै आएका निजका आमा र बाबुको हकमा Antigen परीक्षण गरी परीक्षण रिपोर्ट नेगेटिभ आएमा कम्तीमा १० दिन स्थानीय तहको अनुगमनमा होम क्वारेन्टिनमा बस्ने गरी पठाउन सकिनेछ। निजहरूले एघारौं दिनमा पी.सी.आर. परीक्षण अनिवार्य गर्नुपर्नेछ। स्थानीय तहले त्यसको अनुगमन गरी सोको प्रतिवेदन सम्बन्धित डीसीसीएमसीमा गर्नुपर्नेछ।

(११) उपदफा (८), (९) र (१०) बमोजिम Antigen परीक्षण गर्दा पोजेटिभ रिपोर्ट आएका व्यक्तिहरूको हकमा आइसोलेशन सेन्टर वा अस्पतालमा पठाइनेछ।

६. सरकारी कर्मचारी, कुटनीतिक नियोगका कर्मचारी वा सुरक्षाकर्मीको सम्बन्धमा देहाय बमोजिम हुने: (१) नेपाल आउने कूटनीतिक नियोगका पदाधिकारीहरू, अन्तर्राष्ट्रिय संघसंस्था तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाका कर्मचारी र निजका एकाघरका परिवारका सदस्यको हकमा सम्बन्धित नियोगले परराष्ट्र मन्त्रालयमार्फत् गरेको सिफारिसको आधारमा सम्बन्धित नियोग/निकायले व्यवस्थापन गरेको क्वारेन्टिनमा अनिवार्यरुपमा १० दिन बसी कोभिड-१९ परीक्षणको नेगेटिभ रिपोर्ट आएपछि मात्र नियमित गतिविधिमा सहभागी हुन अनुमति दिइनेछ।

(२) सरकारी कामको सिलसिलामा विदेश गएका नागरिकको वा नेपाली नियोगबाट नेपाल फर्कने कर्मचारी र परिवारको हकमा निजको कोभिड-१९ परीक्षण रिपोर्ट नेगेटिभ आएमा सम्बन्धित निकायको सिफारिस तथा जिम्मेवारीमा कम्तीमा १० दिन होम क्वारेन्टिनमा बस्ने गरी जान अनुमति दिइनेछ। निजहरू क्वारेन्टिन अवधि पूरा गरेपछि एघारौं दिनमा पी.सी.आर. परीक्षणको नेगेटिभ रिपोर्ट आएपछि मात्र सम्बन्धित कार्यक्षेत्रमा जान सक्नेछन्। सो को सम्बन्धित निकायले अनुगमन गरी सीसीएमसीमा प्रतिवेदन गर्नुपर्नेछ।

(३) विदेशमा आफ्नो जिम्मेवारी पूरा गरी फर्केका सुरक्षाकर्मीहरूलाई सम्बन्धित सुरक्षा निकायको सिफारिसका आधारमा कम्तीमा १० दिन संस्थागत क्वारेन्टिनमा बस्नेगरी गन्तव्यसम्म जाने अनुमति दिईनेछ र क्वारेन्टिन अवधि पूरा भएपछि एघारौं दिनमा कोभिड-१९ परीक्षणको नेगेटिभ रिपोर्ट आएपछि मात्र निजहरू सम्बन्धित कार्यक्षेत्रमा जान सक्नेछन्। सो को सम्बन्धित सुरक्षा निकायले अनुगमन गरी सीसीएमसीमा प्रतिवेदन गर्नुपर्नेछ।

(४) मानव बेचबिखनमा परेका वा विदेशमा अलपत्र परेका नेपाली नागरिकलाई उद्धार गरी हवाइ मार्गबाट नेपाल ल्याउनुपर्ने अवस्थामा उद्धार गरिने मुलुकमा निजहरूको कोभिड-१९ परीक्षण गरी परीक्षण रिपोर्ट नेगेटिभ आएकाहरूको हकमा स्वदेश फिर्तीको प्रक्रिया अगाडि बढाउनुपर्ने छ। विदेशमा गई त्यस्तो उद्धार कार्यमा खटिने संघ संस्थाका कर्मचारी वा स्वयम् सेवकहरूले पनि नेपाल फर्केपछि अनिवार्यरुपमा कम्तीमा १० (दश) दिन होम

क्वारेन्टिनमा बस्नुपर्नेछ। एघारौं दिनमा निजहरूको कोभिड-१९ परीक्षण रिपोर्ट नेगेटिभ आएपछि मात्र दैनिक कार्यजीवनमा फर्कन सक्नेछन्।

७. <u>स्थल मार्गबाट नेपाल प्रवेशसम्बन्धी व्यवस्था:</u> (१) नेपाली नागरिक बाहेक अन्य विदेशी नागरिकले स्थल मार्गबाट नेपाल प्रवेश गर्न पाउने छैन।

(२) उपदफा (१) बमोजिम स्थल मार्गबाट नेपाल प्रवेश गर्ने व्यक्तिले देहायका नाकाबाट मात्र नेपाल प्रवेश गर्न पाउनेछः-

(क) पशुपतिनगर (इलाम),

(ख) काकडभिट्टा (झापा),

(ग) रानी (मोरङ),

(घ) भिट्टामोड (महोत्तरी),

(ङ) गौर (रौतहट),

(च) वीरगञ्ज (पर्सा),

(छ) बेलहिया (रूपन्देही),

(ज) कृष्णनगर (कपिलबस्तु),

(झ) जमुनाह (बाँके),

(ञ) गौरीफन्टा (कैलाली),

(ट) पुलघाट (दार्चुला),

(ठ) झुलाघाट (बैतडी),

(ड) गड्डाचौकी (कञ्चनपुर)।

८. <u>चालक दलका सदस्यसम्बन्धी व्यवस्था:</u> उडान चालकदलका सदस्यको हकमा International Civil Aviation Organization (ICAO) ले निर्धारण गरेको कोभिड-१९ सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको आधारमा सम्बन्धित वायुसेवा कम्पनीहरूले लागू गरेको प्रोटोकल बमोजिम हुनेछ। त्यस्तो प्रोटोकलको जानकारी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सीसीएमसी र नेपाल नागरिक उड्डयन प्राधिकरणमा अग्रिम रूपमा बुझाउनुपर्नेछ।

९. नेपालबाट प्रस्थान गर्ने यात्रुसम्बन्धी व्यवस्था: नेपालबाट विदेश प्रस्थान गर्ने यात्रुहरूको हकमा मान्यता प्राप्त प्रयोगशालाहरूबाट पछिल्लो ४८ घण्टाभित्रको वा गन्तव्य मुलुकको मापदण्डमा तोकिएबमोजिमको अवधिको कोभिड-१९ परीक्षणको नेगेटिभ रिपोर्टको प्रमाण पेश गर्नुका साथै सीसीएमसीको वेबसाईटमा रहेको विदेश जाने व्यक्तिले भर्नुपर्ने International Online Departure Form अनिवार्य रूपमा भरेको हुनुपर्नेछ।

१०. कारबाही हुने: यस आदेशको उल्लङ्घन गर्ने कुनै व्यक्ति, संस्था, वायु सेवा वा निकायलाई कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ तथा अन्य प्रचलित कानूनबमोजिम कारबाही हुनेछ।

११. यस आदेशबमोजिम हुने: कोभिड- १९ को रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धमा यस आदेशमा लेखिएको विषयमा यसै आदेशबमोजिम र अन्य विषयमा प्रचलित कानूनबमोजिम हुनेछ।

१२. आवश्यक व्यवस्था गर्न सक्ने: यो मापदण्ड कार्यान्वयनका सम्बन्धमा थप स्पष्टता गर्नुपर्ने वा सहजीकरण गर्नुपर्ने भएमा सीसीएमसीले सोको लागि आवश्यक व्यवस्था गर्न सक्नेछ।

१३. खारेजी र बचाउ: (१) विदेशबाट नेपाल आगमन हुने यात्रुहरूको स्वास्थ्य सुरक्षा तथा क्वारेन्टिनसम्बन्धी आदेश, २०७७ खारेज गरिएको छ।

(२) विदेशबाट नेपाल आगमन हुने यात्रुहरूको स्वास्थ्य सुरक्षा तथा क्वारेन्टिनसम्बन्धी आदेश, २०७७ बमोजिम भए गरेका काम कारबाहीहरू यसै आदेश बमोजिम भएको मानिनेछ।